नेपाल सरकार

रक्षा मन्त्रालय

## विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलसँग आज नेपालका लागि संयुक्त अरव इमिरेट्सका राजदूत महामहिम H.E. Mr. Saeed Hamdan AL naqbi ले शिष्टाचार भेट गर्नुभयो । उक्त भेटका अवसरमा दुई देशबीचको कूटनीतिक, आर्थिक सम्बन्धलाई थप विस्तार गरी द्विपक्षीय हितलाई प्रवर्द्धन गर्ने विभिन्न विषयमा छलफल भएको थियो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीले महामहिम राजदूतलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपाल र संयुक्त अरव इमिरेट्सबीच विगत चालीस वर्षदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउँदै जानुपर्ने विचार व्यक्त गर्नुभयो । भेटका अवसरमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीले केही समयअघि नेपालका महामहिम राष्ट्रपतिज्यूबाट भएको संयुक्त अरब इमिरेट्सको भ्रमणको स्मरण गर्दै यसबाट द्विपक्षीय सम्बन्धलाई जनस्तरसम्म विस्तार गर्न सहयोग पुगेको विचार व्यक्त गर्नुभयो । उहाँले राजनीतिक स्थायित्व भएको वर्तमान अवस्थामा नेपालले कृषि, जलविद्युत, उद्योग, पर्यटन र पूर्वाधार विकासका क्षेत्रमा वैदेशिक लगानीको ढोका खोलेको हुँदा संयुक्त अरब इमिरेट्सका लगानीकर्ताहरूलाई नेपालमा ती क्षेत्रमा लगानी विस्तार गरी द्विपक्षीय आर्थिक सम्बन्धलाई थप मजबुत मनाउन आग्रह गर्नुभयो । साथै उहाँले दुई देशका सेनाहरुबीचमा संयुक्त अभ्यास, तालिम जस्ता कार्यक्रमहरुका माध्यमबाट परस्परमा सहयोग आदान-प्रदान गर्न सकिने धारणा पनि राख्नुभयो ।

नेपालका लागि संयुक्त अरव इमिरेट्सका महामहिम राजदूत H.E. Mr. Saeed Hamdan AL naqbi ले माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीसँग भेट गर्न पाउँदा खुसी लागेको कुरा व्यक्त गर्दै आफ्नो कार्यकालमा नेपाल र संयुक्त अरब इमिरेट्सबीच कूटनैतिक आर्थिक सम्वन्धलाई अझ सुदृढ गरी द्विपक्षीय सम्वन्धलाई थप फलदायी बनाउन सक्दो पहल गर्ने कुरा राख्नुभयो ।उहाँले नेपाल र संयुक्त अरव इमिरेट्सबीच जनस्तरसम्म विस्तार भएको सम्बन्ध दुवै देशका लागि महत्त्वपूर्ण छ भन्ने विचार व्यक्त गर्नु भयो । उहाँले नेपाल सरकारबाट संयुक्त अरव इमिरेट्समा उपयुक्त समयमा उच्चस्तरीय भ्रमण भएमा दुई देशबीचको सम्बन्धलाई अझ उन्नतस्तरमा पुर्‍याउन मार्गप्रशस्त हुने विचार समेत व्यक्त गर्नु भयो ।

उक्त भेटघाटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका अधिकारीहरुको समेत उपस्थिति थियो ।

२०७६।०५।२६

बाबुराम गौतम

सहसचिव एवं प्रवक्ता